गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

☎ : ०६१-५३५०९५
📠: ०६१-५३५०८४

पत्र संख्या : २०८३/०८४
चलानी नं. : १६४

मिति २०८३/०४/२७

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखरा, नेपाल

श्री प्रदेश जनस्वास्थ्य कार्यालयहरू (सबै),
गण्डकी प्रदेश ।

विषय : वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८३ पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय [मा. मन्त्रीस्तर] को मिति २०८३/०४/२७ को निर्णयानुसार स्वीकृत देहाय बमोजिमका कार्य सञ्चालन मापदण्ड यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । साथै कार्ययोजना निर्माण गरी Google Calendar मा समेत अद्यावधिक हुने व्यवस्था सहित प्रचलित नियमानुसार कार्यक्रम संचालन गर्नुहुन अनुरोध छ ।

देहाय

१. आ.व. २०८३/८४ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८३ [प्रदेश स्रोत तर्फ]

२०८३/४/२६

(सुरज गुरौ)
जनस्वास्थ्य प्रशासक

सादर अवगतार्थ:

मा. मन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश ।

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८३

[प्रदेश स्रोत तर्फ]

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

मिति २०८३/०४/२७ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित)" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ।

४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ।

५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ।

६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।

८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ।

९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ।

तपसिल

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

विषयसुची

१. स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम............................१

२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च २

३. स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि CPHE (Continuing Public Health Education) कार्यक्रम ४

४. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण ६

५. एम्बुलेन्स सेवा समितिको बैठक तथा सरोकारवाला बीच समीक्षा तथा अभिमुखीकरण ८

६. एकीकृत रोग निगरानी तथा महामारी/आपतकालीन अवस्थामा प्रतिकार्य... ९

७. पोषण कार्यक्रम (विषादि रहित खाद्य तथा पोषण प्रवर्द्धन, खाद्य सुरक्षा,एकीकृत पोषण सुधार सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण, आदि) १२

८. सामुदायिक नर्सिङ/स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन..१४

९. स्वास्थ्य कार्यक्रमहरूको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा भर्चुअल एकीकृत समीक्षा..१६

१०. स्वास्थ्यकर्मीलाई IHMIS/DHIS2/E-HMIS/PAMSV2/Public Health Analytics तालिम....... १७

११. आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम १८

१२. स्थानीय तहमा सुरक्षित संस्थागत सुत्केरी गराउने स्वास्थ्यकर्मीलाई प्रोत्साहन कार्यक्रम १९

१३. Basic Life Support (BLS) सम्बन्धी कार्यक्रम सञ्चालन २०

१४. पत्रकार अन्तरक्रिया कार्यक्रम... २२

१५. सर्पदंश उपचार केन्द्र सुदृढीकरण...२३

१६. पेशाजन्य स्वास्थ्य समस्या तथा रोकथाम बारे उद्योग/कारखानामा अन्तर्क्रिया.................................... २५

१७. उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम.. २६

१८. महामारी एवं विपदको पुर्व तयारी, रोग नियन्त्रण तथा उपचारका लागि औषधी, कीट, तथा अन्य औषधीजन्य सामग्रीको व्यवस्थापन २७

१. स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२२	२२५२२	नवलपरासी (ब.सु.पू) र बागलुङ - ६००, गोरखा, तनहुँ र स्याङ्जा - ४००, पर्वत, म्याग्दी र लमजुङ- २००, मनाङ र मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	प्रदेश भित्रको भौगोलिक, सामाजिक, सांस्कृतिक विविधता तथा स्वास्थ्य सेवामा असमान पहुँचका कारण विभिन्न स्थानीय तहमा फरक फरक किसिमका स्वास्थ्य समस्याहरु रहेका छन् । तसर्थ स्थानीय तहको स्वास्थ्य समस्याको पहिचान गरी उक्त समस्याको सम्बोधन गर्ने हेतुले विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	स्थानीय तहमा प्रमुख स्वास्थ्य समस्याहरूको पहिचान गरी प्राथमिकताका आधारमा समस्याहरूको समाधान गर्न सहयोग गर्नु ।
अपेक्षित प्रतिफल	स्थानीय तहका स्वास्थ्य समस्याहरु समाधान गर्न मद्दत पुगेको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	● प्रदेश जनस्वास्थ्य कार्यालयले स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य समस्याहरुको पहिचान गरी प्राथमिकीकरण गर्ने, ● स्वास्थ्य समस्याहरुको समाधानका लागि आवश्यकता र उपयुक्तताको आधारमा दोहोरो नपर्ने गरी प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालन गर्ने (जस्तै : सडक दुर्घटना रोकथाम कार्यक्रम, व्यावसायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, एकद्वार संकट व्यवस्थापन सम्बन्धि अभिमुखीकरण, स्वास्थ्य अनुसन्धान, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम आदि) ।

२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२४	२२५२२	बागलुङ-७७३६, लमजुङ-५४६४, गोरखा- ५०६४, स्याङ्जा -४९३६, पर्वत- ४२३६, तनहुँ - ३८००, म्याग्दी-३०६४, नवलपरासी (ब.सु.पू) - २९३६, मुस्ताङ-११३६ र मनाङ-९६०

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले समुदायस्तरमा जनचेतना, प्रचार प्रसार, सूचनाहरु सम्प्रेषण, आवश्यक परामर्शको साथै परिवार नियोजन, मातृ, नवशिशु तथा बाल स्वास्थ्य प्रवर्द्धन, सरुवा रोग तथा महामारी नियन्त्रण आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएका छन् । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले नियमित रुपमा आफुले गरेको कामको प्रतिवेदन स्वास्थ्य संस्थामा पेश गर्नुपर्ने हुन्छ । अतः स्वयंसेवी भावनाले प्रेरित भई निःशुल्क रुपमा समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने यातायात तथा सञ्चार खर्चलाई व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवा गर्ने सिलसिलामा हुने यातायात तथा सञ्चार खर्चको व्यवस्थापन गरी उत्प्रेरणा जगाउनु ।
अपेक्षित प्रतिफल	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु समुदायस्तरमा सेवा प्रवाह गर्न प्रोत्साहित भएका हुनेछन् ।
कार्य सञ्चालन प्रकृया	• सम्बन्धित जनस्वास्थ्य कार्यालयले जिल्ला भित्र चालु आर्थिक वर्ष २०८३/८४ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको नामनामेसी सहितको तथ्याङ्क / विवरण अद्यावधिक गर्ने,

विषयवस्तु	विवरण
	• आर्थिक वर्ष २०८३/८४ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक प्रोत्साहन स्वरुप प्रति स्वयंसेविका जम्मा रू. आठ हजारका दरले यातायात तथा सञ्चार खर्च उपलब्ध गराउने, • उक्त रकम तेस्रो त्रैमासिकमा प्रदान गर्न सकिनेछ । • स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले मासिक रुपमा सम्बन्धित स्वास्थ्य संस्थामा गई प्रतिवेदन गरेको सुनिश्चित गरी पालिकाको सिफारिस अनुसार भुक्तानी गर्नुपर्नेछ । • उक्त रकम अनिवार्य रुपमा सम्बन्धित स्वयंसेविकाको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ । **नोटः** चालु आर्थिक वर्ष २०८३/८४ मा अवकाश प्राप्त भन्नाले मिति २०८३/०४/०१ गते देखि २०८४ आषाढ मसान्तसम्म अवकास भएका वा अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्ने बुझ्नु पर्दछ । साथै नेपाल सरकारबाट उपलब्ध हुने सम्मान स्वरुप दिईने रकम बिदाई हुने समयमा जनस्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरुसँग समन्वय गरी उपलब्ध गराउनुपर्दछ ।

३. स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि CPHE (Continuing Public Health Education) कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२. २६	२२५२२	तनहुँ, नवलपरासी (ब.सु.पू), गोरखा, पर्वत, बागलुङ, म्याग्दी, लमजुङ र स्याङ्जा - ४०

विषयवस्तु	विवरण
परिचय	जनस्वास्थ्यका उदीयमान चुनौतीहरू, संक्रामक तथा नसर्ने रोगको रोकथाम, स्वास्थ्य प्रणालीको सुदृढीकरण र आधुनिक प्रविधिको प्रयोगबारे स्वास्थ्यकर्मीहरूलाई अद्यावधिक राख्न आवश्यक छ । निरन्तर शिक्षाको आदानप्रदानले स्वस्थ्यकर्मीको नवीनतम ज्ञान र उत्कृष्ट अभ्यासहरू सुनिश्चित गर्दछ । Continuing Public Health Education (CPHE) को माध्यमबाट त्यस्ता नवीनतम जानकारी आदान-प्रदान गरी जनस्वास्थ्य कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवा गुणस्तरीय बनाउन यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित समय सान्दर्भिक र नवीनतम विषयवस्तुमा केन्द्रित रहेर स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि गर्नु ।
अपेक्षित प्रतिफल	नियमित रुपमा CPHE सञ्चालन भई स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीका लागि नियमित रूपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरू जस्तैः अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय स्वास्थ्य समस्या, समसामयिक विषय, e-HMIS/e-LMIS/PAMSV2, स्वास्थ्य तथ्याङ्क विश्लेषण, प्रविधिमैत्री स्वास्थ्य सेवा सञ्चालन आदि विषयमा भौतिक रुपमा वा अनलाइन प्रस्तुतिकरण गर्ने, • यस कार्यक्रममा विभिन्न तालिममा सहभागी भएका जनस्वास्थ्य कार्यालय तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीले तालिमका सिकाई बारे प्रस्तुतीकरण गर्न सक्नेछन् वा सम्बन्धित विज्ञ (प्रादेशिक/प्रदेश अस्पताल, प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालयमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक, प्राज्ञिक, शैक्षिक

विषयवस्तु	विवरण
	एवं अनुसन्धानमूलक संस्था तथा आवश्यकता अनुसार अन्य क्षेत्रका विज्ञ) लाई समेत आमन्त्रण गर्न सकिनेछ। ● प्रत्येक त्रैमासिकमा कम्तिमा एउटा CPHE सेसन सञ्चालन गर्नुपर्नेछ। एउटा CPHE सेसनको समयावधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ। ● कार्यक्रमका सहभागीको खाजाका लागि प्रचलित मापदण्ड बमोजिम खर्च गर्न सकिनेछ । ● कार्यक्रम सञ्चालन पश्चात छुट्टै अभिलेख/निर्णय पुस्तिका राखी उक्त अभिलेख/निर्णय पुस्तिकामा तपसिल बमोजिमको कुराहरू समावेश गरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेछ। ➢ विधि, ➢ मिति, समय, स्थान, ➢ प्रस्तुतकर्ताको नाम, थर र पद, ➢ प्रस्तुतीकरणको विषयवस्तु, ➢ मुख्य सवाल र छलफलको सार, ➢ उपस्थित सहभागीको विवरण। ● CPHE को सहजकर्तालाई एउटा CPHE को कार्यपत्र र प्रवचन बापतको रकम उपलब्ध गराउन सकिनेछ। ● अत्यावश्यक विषयको बारेमा जिल्लाभित्र विज्ञ नभएमा बाहिरबाट विज्ञ बोलाएर पनि CPHE गर्न सकिनेछ। यसरी बाहिरबाट सहजकर्ता बोलाउँदा सहजकर्ताको सेवा सुविधा नियमानुसार उपलब्ध गराउन सकिनेछ।

४. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२९	२२५२२	नवलपरासी (ब.सु.पू) -२००, तनहुँ र स्याङ्जा - १००, गोरखा, पर्वत, बागलुङ, लमजुङ र म्याग्दी -५०

विषयवस्तु	विवरण
परिचय	प्रदेश भित्रका निजी स्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित रुपमा नियमन गर्न आवश्यक रहेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (पहिलो संशोधन २०७८) साथै गण्डकी प्रदेश सरकारको जनस्वास्थ्य सेवा ऐन, २०८२, स्वास्थ्य संस्थाको स्वीकृति, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२ बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने निजी स्वास्थ्य सेवा प्रदायक संस्थाको नियमित अनुगमन तथा मूल्यांकनको आधारमा निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमति, अनुगमन, सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण गर्नका लागि यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जिल्लाभित्र रहेका निजी स्वास्थ्य संस्थाको अनुगमन गरी नियमन गर्नु ।
अपेक्षित प्रतिफल	सबै निजी स्वास्थ्य संस्थाहरु दर्ता भई गुणस्तरिय सेवा दिन सक्षम हुने, सेवाहरु DHIS2 मा प्रविष्टि भएको हुने तथा जनस्वास्थ्य सम्बन्धी सेवाहरु जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा सञ्चालन भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन २०७८) साथै गण्डकी प्रदेश सरकारको जनस्वास्थ्य सेवा ऐन, २०८२, स्वास्थ्य संस्थाको स्वीकृति, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२ का बारेमा जानकारी गराउने, • जिल्लास्तरीय स्वास्थ्य संस्था अनुगमन समितिले आवधिक रुपमा निजी स्वास्थ्य संस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्ने,

विषयवस्तु	विवरण
	• निर्दिष्ट चेकलिष्ट प्रयोग गरी निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) सञ्चालन अनुमतिका लागि अनुगमन तथा सुपरिवेक्षण गर्ने, ➢ जम्मा आम्दानीको १० प्रतिशत नि:शुल्क उपचार दिएको अभिलेख राख्न लगाउने, ➢ नि:शुल्क उपचार पाउने बिरामीहरुको नामावली मासिक रुपमा सार्वजनिक गर्न लगाउने तथा सेवा शुल्क र जनशक्तिको विवरण नागिरक वडापत्रमा अनिवार्य राख्न लगाउने, ➢ तोके बमोजिम राजश्व जम्मा गराउने। • न्यूनतम मापदण्ड पुगेको अवस्थामा मात्र स्वीकृति दिने वा नवीकरणका लागि सिफारिस गर्ने, • अनुगमनको क्रममा दिइएको निर्देशनको पालना नभएमा नियमानुसार आवश्यक कारवाही गर्ने, • निजी स्वास्थ्य संस्थाहरु संलग्न गराई आवधिक रुपमा समन्वयात्मक बैठक गर्ने, • स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्दा बैठक, छलफल आदिमा लाग्ने बैठक भत्ता, खाजा तथा खाना खर्च, भ्रमण खर्च प्रचलित नियम अनुसार यसै कार्यक्रमबाट भुक्तानी गर्न सकिनेछ ।

५. एम्बुलेन्स सेवा समितिको बैठक तथा सरोकारवाला बीच समीक्षा तथा अभिमुखीकरण

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.३०	२२५२२	नवलपरासी (ब.सु.पू) - २००, तनहुँ र स्याङ्जा -१ ५०, गोरखा, पर्वत, बागलुङ, म्याग्दी र लमजुङ-१०० र मुस्ताङ- ८०

विषयवस्तु	विवरण
परिचय	एम्बुलेन्स सेवा निर्देशिका, २०८२ अनुसार एम्बुलेन्स भन्नाले बिरामी वा घाईतेलाई घटनास्थलदेखि अस्पताल पुऱ्याउँदासम्म अस्पतालपूर्व सेवा सञ्चालन अनुमति प्राप्त गरेको जैविक, विद्युतीय लगायत उर्जाका अन्य श्रोतबाट चल्ने वाहन सम्झनुपर्छ । एम्बुलेन्सलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जिल्ला स्तरमा रहेका विभिन्न समितिहरुको बैठक बस्न आवश्यक भएको र आकस्मिक सेवा प्रवाहका विषयमा सवारी चालकहरुलाई समेत जानकारी दिन आवश्यक भएकोले यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	• एम्बुलेन्स सेवा निर्देशिका, २०८२ बमोजिम सेवा सञ्चालन भए नभएको अनुगमन गर्नु र आकस्मिक सेवा प्रवाहका विषयमा चालकहरुलाई जानकारी गराउनु, • जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित बैठक सञ्चालन गर्नु ।
अपेक्षित प्रतिफल	जिल्ला स्थित एम्बुलेन्स व्यवस्थापन समिति र एम्बुलेन्स सञ्चालक/चालकहरुलाई एम्बुलेन्स सेवा निर्देशिका, २०८२ को जानकारी भएको हुनेछ र सोही बमोजिम एम्बुलेन्सहरुको सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• नयाँ एम्बुलेन्स खरिदको लागि राजस्व छुट तथा सञ्चालन स्वीकृतिको लागि सिफारीस, नवीकरण लगायतका कार्यहरु गर्नका लागि आवश्यकता अनुसार जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको बैठकको आयोजना गर्ने, • निर्देशिका बमोजिम स्थलगत भ्रमण तथा अवलोकन गरी एम्बुलेन्सहरुको अनुगमन गर्ने, • एम्बुलेन्सलाई स्वास्थ्य मन्त्रालयको GPS प्रणालीमा अनिवार्य आबद्ध गराउने, • एम्बुलेन्सका सञ्चालक/चालक र समितिका पदाधिकारीहरु बीच समीक्षात्मक कार्यक्रम सञ्चालन गरी पृष्ठपोषण प्रदान गर्ने, • उक्त समीक्षामा सहजीकरणका लागि प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिका पदाधिकारी वा मन्त्रालयका सम्बद्ध अधिकारी एवं जिल्लास्थित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

६. एकीकृत रोग निगरानी तथा महामारी/आपतकालीन अवस्थामा प्रतिकार्य

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.३९२	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ र स्याङ्जा-३००, पर्वत, म्याग्दी र लमजुङ -२००, मनाङ र मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	रोगको महामारी/प्रकोपको अवस्था जुनसुकै समय र स्थानमा सिर्जना हुन सक्छ । विपद् प्रतिकार्य योजना तथा कन्टिन्जेन्सी योजना तयार गरी राख्नाले महामारी रोकथाम र प्रतिकार्यका गतिविधि सहज रुपले सञ्चालन गर्न सकिने र जनधनको क्षति न्यूनीकरण, रोकथाम, व्यवस्थापन तथा नियन्त्रण गर्न सहज हुन्छ । महामारी रोकथामको लागि पूर्वतयारी, नियमित निगरानी र रोग नियन्त्रणका लागि आवश्यकता अनुसार Rapid Response Team (RRT) परिचालन, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, नमूना (स्याम्पल) संकलन तथा ढुवानी, रोग नियन्त्रण तथा रोकथाम सम्बन्धी अभिमुखीकरण र बहुनिकाय बैठक गर्नुपर्ने हुँदा यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जिल्ला तथा स्थानीय तहमा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
अपेक्षित प्रतिफल	प्रकोप /महामारी /विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहने, त्यसको समयमै व्यवस्थापन भएको हुने र सो सम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ ।
कार्य सञ्चालन प्रक्रिया	**स्क्रिनिङ, खोजपड्ताल तथा निगरानी** ● समुदायमा आधारित निगरानी एवम् अन्य श्रोतबाट प्राप्त रोगको भारको तथ्याङ्क अनुसार कोभिड-१९, क्षयरोग, एच.आई.भी, कुष्ठरोग, औलो, डेंगु, कालाजार, स्क्रब टाइफस आदि सरुवा रोग तथा पोलियो, दादुरा, रुबेला, जापानीज इन्सेफलाइटिस, धनुष्टङ्कार आदि खोपबाट बचाउन सकिने रोगको स्क्रिनिङ, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, नमूना (स्याम्पल) संकलन तथा ढुवानी एवम् निगरानी सम्बन्धी निर्देशिका अनुसारका क्रियाकलापहरु गर्ने,

विषयवस्तु	विवरण
	• क्षयरोगको स्क्रिनिङका लागि राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर, प्रादेशिक रोग नियन्त्रण केन्द्र तथा स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी क्षयरोगको जोखिममा रहेका समूह तथा समुदायमा CAD(AI) X-Ray को प्रयोग गरी वा अन्य विधिबाट स्क्रिनिङ गर्ने, पत्ता लागेका बिरामीहरुको खकार संकलन तथा निदानका लागि सहजीकरण गर्ने, DR तथा DS TB बिरामीको सम्पर्कमा रहेका (समुदाय र घर परिवार) व्यक्तिहरुको सक्रिय खोजपड्ताल गर्ने, **महामारी/आपतकालीन अवस्थामा प्रतिकार्य, जिल्ला द्रुत प्रतिकार्य टोली (Rapid Response Team) परिचालन तथा बहुपक्षिय निकायहरुबीच समन्वय बैठक** • विपद् प्रतिकार्य योजना तथा कन्टिन्जेन्सी योजना आवश्यकता अनुसार अद्यावधिक गर्ने, • "द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९" अनुसार जिल्ला द्रुत प्रतिकार्य टोलीले महामारीको अवस्थामा महामारी व्यवस्थापन तथा आपत्कालीन जनस्वास्थ्य घटनाको अनुसन्धान र सहजीकरण लगायतका क्रियाकलापहरु गर्ने, • रोगको भारको अवस्था हेरी औषधी तथा परीक्षण किट (डेंगु, स्क्रब टाईफस, कालाजार आदि) लगायतका औषधीजन्य सामग्री एवम् आवश्यकता अनुसार Bleaching Powder, Chlorine solution/ tablets, पानी परीक्षणका लागि आवश्यक सामग्री आदि नियमानुसार खरिद गरी तत्कालै व्यवस्था गर्न, • आवश्यकता अनुसार Vaccine Preventable Disease(VPD), Vector Borne Disease (VBD), Influenza, Water and food borne diseases आदिको थप परिक्षणको लागि प्रादेशिक रोग नियन्त्रण केन्द्र, कास्की, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौं वा परीक्षण हुने सम्बन्धित निकायमा नमूना ढुवानीको खर्च (निजी संस्थामा कार्यरत कर्मचारीहरुलाई समेत) यसै कार्यक्रमबाट प्रचलित कानून बमोजिम भुक्तानी गर्न सकिनेछ। • महामारीको सूचना प्राप्त भएपछि Surveillance Outbreak Response Management Analysis System (SORMAS) मा प्रविष्टी भएको यकिन गर्नुका

विषयवस्तु	विवरण
	साथै महामारी सम्बन्धी विवरण तथा रोग फैलन नदिन रोकथामका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्दछ । ● जिल्ला एवं स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा विभिन्न रोगको महामारीका सबै चरण (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) मा विभिन्न निकायहरुबीच समन्वयात्मक बैठक गर्न सकिनेछ । **अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन** ● स्थानीय तहहरुमा आवश्यकता अनुसार द्रुत प्रतिकार्य टोली गठन/पुनर्गठनका साथै SORMAS सम्बन्धी अभिमुखीकरण तथा सहजीकरण गर्ने, ● महामारी हुनसक्ने अवस्थामा वा महामारी रोकथामका लागि विशेष समूहलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, ● जस्तै: डेंगु रोकथाम तथा नियन्त्रणका लागि टोल विकास संस्था, आमा समूह, महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधी, सुरक्षाकर्मी, शिक्षक, ग्यारेज/कवाडीखाना सञ्चालक लगायतका सरोकारवालाहरुलाई र समूहगत रुपमा मानिसहरु रहने ठाउँ जस्तै कारागार, सुरक्षा निकायका क्याम्पहरु, विद्यालय आदिमा अभिमूखीकरण गर्ने ।

७. पोषण कार्यक्रम (विषादि रहित खाद्य तथा पोषण प्रवर्द्धन, खाद्य सुरक्षा,एकीकृत पोषण सुधार सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण, आदि)

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.३९४	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ, स्याङ्जा - २००, पर्वत, म्याग्दी, लमजुङ - १५०, मनाङ, मुस्ताङ - १००

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेशमा बालबालिका तथा गर्भवती/सुत्केरी महिलाहरुमा कुपोषणको समस्या अझै पनि प्रमुख चुनौतीको रुपमा रहेको छ। पोषणको समस्या स्वास्थ्य क्षेत्र लगायत कृषि, शिक्षा, खानेपानी तथा स्थानीय शासन लगायत बहुक्षेत्रीय समन्वयबाट मात्र समाधान हुने भएकोले सरोकारवालाहरु बीच नियमित पैरवी र अन्तरक्रिया आवश्यक छ। विषादी रहित खाद्य प्रवर्द्धन, खाद्य सुरक्षा र एकीकृत पोषण सुधारका विषयमा बहुक्षेत्रीय सरोकारवालाहरूलाई अभिमुखीकरण गरी स्थानीय स्तरमा पोषण सुरक्षाका रणनीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेकाले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	मातृ तथा नवशिशु पोषण, स्वस्थकर खानपान, विषादी रहित खाद्य उत्पादन, रैथाने खानाको प्रवर्द्धन, माटो-पोषणको अन्तरसम्बन्ध, खाद्य स्वच्छताको महत्व आदिका बारे सरोकारवालाहरुमा जनचेतना अभिवृद्धि गर्नु तथा पोषणसम्बन्धी नीति, कार्यक्रम तथा स्रोत परिचालनमा स्थानीय तहको लगानी बढाउन पैरवी गर्नु।
अपेक्षित प्रतिफल	सरोकारवालाहरुमा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि भई स्थानीय तहबाट पोषणसम्बन्धी योजना तथा बजेट विनियोजनमा थप प्रतिबद्धता प्राप्त हुनेछ।
कार्य सञ्चालन प्रकृया	• पोषणसँग सम्बन्धित विषयहरु समेटी जनस्वास्थ्य कार्यालयले उपयुक्त सरोकारवालाहरु निक्यौंल गरी एक दिनको पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, • मातृ तथा नवशिशु पोषण, स्वस्थकर खानपान, खाद्य स्वच्छता, विषादी रहित खाद्य तथा पोषण, रैथाने खाना, माटो र पोषणको अन्तरसम्बन्ध, चिनी मिसाइएका पेय पदार्थको स्वास्थ्यमा हुने असर, आदि पोषणसँग सम्बन्धित विषयवस्तुहरुमा पैरवी तथा अन्तरक्रिया गर्न सकिनेछ।

विषयवस्तु	विवरण
	• उक्त कार्यक्रममा विषयवस्तु अनुसार जनप्रतिनिधिहरु, स्वास्थ्य/कृषि/शिक्षा महाशाखा/शाखा प्रमुख, गर्भवती महिला, होटल/रेष्टुरेन्ट सञ्चालक, कृषक, ५ वर्ष मुनीका बालबालिकाका आमा, विद्यालयका स्वास्थ्य/पोषण विषयका शिक्षक, विद्यार्थी आदिको सहभागिता गराउनुपर्नेछ । • आवश्यकताका आधारमा सहभागीहरुका लागि भत्ता, खाना/खाजा यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ ।

८. सामुदायिक नर्सिङ/स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२५	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ, लमजुङ, स्याङ्जा - ११३४, पर्वत, मनाङ, मुस्ताङ, म्याग्दी - ५६७

विषयवस्तु	विवरण
परिचय	समुदायस्तरमा समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन पहुँचबाहिर रहेका, विपन्न, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी तथा दीर्घरोगीहरूलाई घरदैलोमै पुगेर प्राथमिक स्वास्थ्य सेवा, परामर्श र प्रवर्द्धनात्मक सेवा प्रदान गर्न एवम् विद्यालयमा रहेका विद्यार्थीहरुलाई स्वस्थ जीवनशैलीमा अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगत सरसफाईमा सुधार ल्याउन, सन्तुलित र पोषिलो खानेकुरा खान प्रेरित गर्न, किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन, किशोरीहरुको मर्यादित महिनावारी सम्बन्धी चेतनामूलक कार्यक्रम गर्न र स्वस्थ व्यवहार अपनाउन प्रेरित गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	समुदायस्तरमा मातृ तथा शिशु स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम र स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु तथा विद्यालय स्तरबाटै बालबालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्नु
अपेक्षित प्रतिफल	समुदायस्तरमा समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन मद्दत पुग्नेछ र विद्यालय स्तरबाटै बालबालिकाहरुले स्वस्थ जीवनशैली तथा स्वस्थ व्यवहार अपनाउन प्रेरित भएका हुनेछन्।
कार्य सञ्चालन प्रकृया	• सम्बन्धित जनस्वास्थ्य कार्यालयले "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम स्टाफ नर्स (पाँचौं तह) वा हेल्थ असिष्टेन्ट (पाँचौं तह) करार सेवामा व्यवस्थापन गर्ने, • विगतका वर्षमा प्रदेश श्रोत अन्तरगत विद्यालय नर्स कार्यक्रमका लागि नियुक्त भएका स्टाफ नर्स (पाँचौं तह) लाई कार्यसम्पादन मूल्यांकनको आधारमा सेवा करारमा यसै कार्यक्रमका लागि उक्त कार्यविधि बमोजिम व्यवस्थापन गर्न सकिनेछ। • विगतका वर्षमा प्रदेश श्रोत अन्तरगत विद्यालय नर्स कार्यक्रम सञ्चालन भएको विद्यालय रहेकै स्थानीय तहमा केन्द्रित भई कामकाज गर्ने गरी कर्मचारी खटाउने,

विषयवस्तु	विवरण
	• उक्त जनशक्तिलाई तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने, • स्थानीय तहसँग समन्वय गरी सामुदायिक स्वास्थ्यकर्मीले गर्नुपर्ने क्रियाकलापहरुको त्रैमासिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय तहमा पठाउनुपर्छ। • सामुदायिक स्वास्थ्यकर्मीको कार्य विवरण मन्त्रालयले तोके बमोजिम हुनेछ। • जनस्वास्थ्य कार्यालयले उक्त स्वास्थ्यकर्मीको कार्यसम्पादन प्रतिवेदन मन्त्रलायले तोके बमोजिम मासिक रुपमा माग गरी स्वास्थ्य मन्त्रालयमा त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ। • निजहरुलाई जनस्वास्थ्य कार्यालयले आवश्यकता अनुसार महामारी रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरु, रोगहरुको स्कृनिङ तथा खोजपड्ताल र जनस्वास्थ्य अभियानमा परिचालन गर्नुका साथै अन्य स्थानीय तहमा समेत खटाउने सक्नेछ। • सेवा करारमा जनशक्ति पदपूर्ति गर्दा हुने खर्चको नियमानुसार यसै शिर्षकबाट भुक्तानी गर्न सकिनेछ।

९. स्वास्थ्य कार्यक्रमहरूको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा भर्चुअल एकीकृत समीक्षा

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२७	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), पर्वत, बागलुङ, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ, स्याङ्जा - ४०

विषयवस्तु	विवरण
परिचय	स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरुको अवस्था यकिन गर्ने, आगामी दिनहरुमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको रुपरेखा तयार गर्ने तथा स्वास्थ्य तथ्याङ्कको प्रयोग गरी प्रदेश र स्थानीय तहका स्वास्थ्य कार्यक्रमका योजना तर्जुमामा सहयोग पुर्‍याउन यो क्रियाकलाप समावेश गरिएको हो।
उद्देश्य	स्वास्थ्य कार्यक्रमहरू एवम् तथ्याङ्कको समीक्षा गर्नु।
अपेक्षित प्रतिफल	तथ्याङ्क प्रणालीमा सुधार भई तथ्याङ्कमा आधारित प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• स्थानीय तहका स्वास्थ्य महाशाखा/शाखा प्रमुख, प्रदेश अस्पतालका प्रमुख र योजना तथा तथ्याङ्क (मेडिकल रेकर्ड) शाखा प्रमुख वा तथ्याङ्क प्रविष्ट गर्ने कर्मचारी, प्रदेश आयुर्वेद चिकित्सालय/आयुर्वेद अस्पतालका प्रमुख, योजना तथा तथ्याङ्क (मेडिकल रेकर्ड) शाखा प्रमुख वा तथ्याङ्क प्रविष्ट गर्ने कर्मचारी, जनस्वास्थ्य कार्यालयका फोकल पर्सनहरु तथा अन्य निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि समेटी भर्चुअल समीक्षा बैठक तथा योजना तर्जुमा कार्यक्रम आयोजना गर्ने, • उक्त कार्यक्रममा आवश्यकता अनुसार समन्वय समितका प्रमुख/प्रतिनिधि, स्थानीय तहका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी आदि लाई सहभागी गराउन सकिनेछ। • चालु आर्थिक वर्षमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको कमि कमजोरी पहिचान गर्ने, स्वास्थ्य सेवा प्रवाहमा भएका समस्या, चुनौतीका बारे छलफल गरी सुधार गर्नु पर्ने पक्षहरु तथा समाधानका उपायहरु बारे निर्क्यौल गर्ने र आगामी वर्षमा संघ तथा प्रदेश श्रोतबाट सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु बारे स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने, • कार्यक्रम सञ्चालन गर्दा लाग्ने खाजा खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ।

१०. स्वास्थ्यकर्मीलाई IHMIS/DHIS2/E-HMIS/PAMSV2/Public Health Analytics तालिम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.२८	२२५२२	नवलपरासी (ब.सु.पू), लमजुङ - ५००, गोरखा, पर्वत, म्याग्दी - ३००, तनहुँ - ४००, बागलुङ - २५०, मुस्ताङ, स्याङ्जा - २००

विषयवस्तु	विवरण
परिचय	स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकासक्रम सँगै यसका लागि आवश्यक पर्ने अभिलेख तथा प्रतिवेदन फारामहरु समय सापेक्ष रुपमा अद्यावधिक हुँदै आएका छन्। हाल अद्यावधिक भएका अभिलेख प्रतिवेदन फाराम सहित चालु आर्थिक वर्षमा नयाँ नियुक्त भई यसअघि तालिम नलिएका कर्मचारीहरुलाई परिमार्जित IHMIS/eHMIS, Recording/Reporting Tools र eHMIS, PAMS, Public Health Analytics सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS/DHIS2) र परिमार्जित/अद्यावधिक अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञान र सीपको विकास गरी तथ्याङ्क विश्लेषण गर्ने क्षमता अभिवृद्धि गराउनु।
अपेक्षित प्रतिफल	स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/DHIS2), eHMIS, PAMS, Public Health Analytics तथा परिमार्जित अभिलेख तथा प्रतिवेदन प्रणाली र तथ्याङ्कको विश्लेषण सम्बन्धी ज्ञान र सीप विकास भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• यस कार्यक्रमलाई संघ सशर्त अनुदानबाट प्राप्त कार्यक्रमसँगै कार्यान्वयन गर्नुपर्नेछ। • अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट यस अघि परिमार्जित HMIS/LMIS Recording/Reporting Tools/ DHIS2 तथा eHMIS/PAMS-V2, Public health analytics सम्बन्धी तालिम नपाएका र नयाँ नियुक्त भई आएका कर्मचारीहरुको नामावली तयार गर्ने, • तालिम प्राप्त प्रशिक्षक मार्फत सहभागीहरुलाई HMIS/DHIS2/eHMIS वा PAMS-V2 वा Public Health Analytics को अभिमुखीकरण गर्ने, • बजेटको परिधिभित्र रही सहभागीको संख्या निर्धारण गरी ३ दिनको तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

११. आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.३९८	२२५२२	गोरखा, नवलपरासी (ब.सु.पू), पर्वत, बागलुङ, म्याग्दी, लमजुङ, स्याङ्जा - ८२०

विषयवस्तु	विवरण
परिचय	नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा स्थानीय तह मातहत रहेका आधारभूत अस्पतालमा स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र निरन्तरता सुनिश्चित गरी आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	आधारभूत अस्पतालहरूमा दक्ष चिकित्सकको उपलब्धता र निरन्तरता सुनिश्चित गर्नु ।
अपेक्षित प्रतिफल	आधारभूत अस्पतालहरूबाट तोकिएका आधारभूत स्वास्थ्य सेवाहरू नियमित र प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	● जिल्ला भित्रका आधारभूत अस्पतालहरूको मौजुदा जनशक्ति र सेवाको अवस्था मूल्याङ्कन गरी उपयुक्त आधारभूत अस्पताल स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने, ● "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम मेडिकल अधिकृत (आठौं तह) करार सेवामा व्यवस्थापन गर्ने, ● छनौट भएका मेडिकल अधिकृतलाई मन्त्रालयबाट निर्णय भए बमोजिमको आधारभूत अस्पतालमा खटाउने, ● उक्त जनशक्तिलाई तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने, ● सेवा करारमा जनशक्ति पदपूर्ति गर्दा हुने खर्चको नियमानुसार यस कार्यक्रम बाटै भुक्तानी गर्न सकिनेछ ।

१२. स्थानीय तहमा सुरक्षित संस्थागत सुत्केरी गराउने स्वास्थ्यकर्मीलाई प्रोत्साहन कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.३९९	२२५२२	तनहुँ, बागलुङ - १२०, गोरखा, स्याङ्जा - १३२, नवलपरासी (ब.सु.पू), लमजुङ - ९६, पर्वत - ८४, मनाङ - ४८, मुस्ताङ - ६०, म्याग्दी - ७२

विषयवस्तु	विवरण
परिचय	नेपालको संविधानले प्रत्याभूत गरेको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै मातृ तथा नवशिशु मृत्युदर कम गर्नु गण्डकी प्रदेश सरकारको मुख्य प्राथमिकता हो। दुर्गम तथा ग्रामीण क्षेत्रमा अझै पनि दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा संस्थागत सुत्केरी हुने दर शतप्रतिशत पुग्न सकेको छैन। यस पृष्ठभूमिमा स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई चौविसै घण्टा गुणस्तरीय प्रसूति सेवा प्रदान गर्न उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	स्थानीय तहका बर्थिङ सेन्टरहरूमा कार्यरत स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरी घरमा हुने सुत्केरीलाई शून्यमा झार्नु।
अपेक्षित प्रतिफल	स्वास्थ्य संस्थामा उपलब्ध सुरक्षित सुत्केरी सेवाको संख्यामा उल्लेख्य वृद्धि हुनेछ।
कार्य सञ्चालन प्रकृया	• जिल्ला भित्र रहेका बर्थिङ सेन्टरहरुमा वि.सं. २०८३ श्रावण देखि वि.सं. २०८४ जेठ महिनासम्म सुरक्षित संस्थागत सुत्केरी गराइएको सङ्ख्याको निर्क्यौल गर्ने, • प्रत्यक पालिकामा सबैभन्दा बढी सुरक्षित संस्थागत सुत्केरी गराउने स्वास्थ्य संस्थालाई पुरस्कृत गर्ने, • हिमाली भेगमा कम्तीमा ५, पहाडी भेगमा कम्तीमा १० र तराई भेगमा कम्तीमा १५ जना सुरक्षित नर्मल डेलिभरी गराएको हुनुपर्नेछ। • पालिकाको प्रथम हुने एउटा बर्थिङ सेन्टरमा कार्यरत कर्मचारीलाई प्रोत्साहन स्वरुप सहयोगीलाई रु २,००० (दुई हजार) र मातृ नवशिशु सेवा प्रदायकहरुलाई एकमुष्ट रु १०,००० (दश हजार) प्रदान गर्ने, • समान सङ्ख्यामा सुरक्षित संस्थागत सुत्केरी गराइएको भएमा उल्लखित अवधिभित्र धेरै "PNC visits - 4 times" को आधारमा पुरस्कृत गर्ने, • प्रादेशिक जनस्वास्थ्य केन्द्रले कास्की जिल्लाको सबै पालिका एवम् प्रदेशभरीको प्रथम पाँच आधारभूत अस्पताललाई पुरस्कृत गर्नेछ।

१३. Basic Life Support (BLS) सम्बन्धी कार्यक्रम सञ्चालन

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४००	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ, स्याङ्जा - ६००, पर्वत, म्याग्दी, लमजुङ - ३००, मनाङ, मुस्ताङ - ४००

विषयवस्तु	विवरण
परिचय	आकस्मिक स्वास्थ्य समस्या, दुर्घटना, हृदयघात, वा श्वासप्रश्वास बन्द भएको अवस्थामा बिरामी वा घाइतेको जीवन रक्षाका लागि तत्काल दिइने प्राथमिक उपचार र प्रविधिलाई बेसिक लाइफ सपोर्ट (BLS) भनिन्छ । असामयिक हुने सम्भावित मृत्युलाई रोक्न आधारभूत जीवन सहायता संग सम्बन्धित विधिहरू एकदमै महत्वपूर्ण रहेका हुन्छन् । स्वास्थ्य संस्थामा बिरामी पुग्नुभन्दा अघिको समयमा प्रभावकारी BLS सेवा उपलब्ध गराउन सकेमा अकाल मृत्यु र दीर्घकालीन अपाङ्गतालाई उल्लेख्य रूपमा घटाउन सकिने हुँदा यो कार्यक्रम राखिएको हो।
उद्देश्य	स्वास्थ्यकर्मी तथा प्रथम सेवा प्रदायकहरूलाई BLS मा सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गर्नु
अपेक्षित प्रतिफल	BLS मा तालिम प्राप्त व्यक्तिहरूको संख्यामा वृद्धि भई स्वास्थ्य संस्था पुग्नु अघिको मृत्युदरमा कमी आएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य मन्त्रालय तथा जिल्ला स्थित प्रादेशिक अस्पतालहरुसँग समन्वय र सहकार्य गर्ने, **सहभागीहरू छनौट** • अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत रहेका स्वास्थ्यकर्मीहरू (डाक्टर, नर्स, प्यारामेडिकल स्टाफ) छनौट गर्ने, • यस बाहेक आवश्यकता अनुसार अन्य सहयोगी कर्मचारीहरू तथा विपद् प्रतिकार्यमा खटिने सुरक्षा निकायका प्रतिनिधि समेत सहभागी हुन सक्नेछन्। **सहजकर्ताहरू (प्रशिक्षक) छनौट**

विषयवस्तु	विवरण
	• BLS सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका सहजकर्ता/ प्रशिक्षक मार्फत कार्यक्रम सञ्चालन गर्ने **अवधि** • श्रव्यदृश्य तथा व्यवहारिक सिप सिकाइमा आधारित भई १ दिनको कार्यक्रम गर्ने, • बजेटको परिधि भित्र रही दुई वा दुईभन्दा बढी ब्याच सञ्चालन गर्न सकिनेछ। **विधिहरू** - प्रवचन र छलफल - प्रश्नोत्तर - अडियो–भिजुअल तथा प्रदर्शन (Demonstration) - प्रस्तुतीकरण **सन्दर्भ सामग्री** • कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा तयार गरिएको "आधारभूत जीवन सहायता तालिम, सन्दर्भ पुस्तिका तथा सहभागी पुस्तिका" प्रयोग गर्नुपर्नेछ।

१४. पत्रकार अन्तरक्रिया कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४०२	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), पर्वत, बागलुङ, म्याग्दी, लमजुङ, स्याङ्जा - १५०

विषयवस्तु	विवरण
परिचय	जनस्वास्थ्यका कार्यक्रमहरूलाई आम नागरिकसम्म पुऱ्याउन र स्वास्थ्य सम्बन्धी सही सूचना सम्प्रेषण गर्न सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण हुन्छ । जिल्लास्तरमा सञ्चालित जनस्वास्थ्य सम्बन्धी सेवा, योजना, उपलब्धि तथा समसामयिक स्वास्थ्य समस्याहरूका बारेमा सञ्चारकर्मीहरूमार्फत सूचना सम्प्रेषण गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जनस्वास्थ्य कार्यालयका गतिविधि, उपलब्धि तथा समसामयिक स्वास्थ्य मुद्दाहरूका बारेमा पत्रकारहरूलाई जानकारी गराउँदै सूचनाको पारदर्शी सम्प्रेषण सुनिश्चित गर्नु ।
अपेक्षित प्रतिफल	कार्यालयका प्रगति, उपलब्धि र योजनाहरू तथा स्वास्थ्य सम्बन्धी चुनौतीहरु सञ्चार माध्यममार्फत सर्वसाधारणसम्म स्पष्ट रूपमा पुगेको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• वर्षको कम्तीमा दुई पटक सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने, • कार्यालयका कार्ययोजना, उपलब्धि, बजेट तथा कार्यक्रमको अवस्था र समसामयिक विषयमा प्रस्तुतीकरण गर्ने, • आर्थिक वर्षको सुरुवातमा कार्यालयको योजनाका बारे र अन्तिम त्रैमासिकमा कार्यालयको उपलब्धि बारे र अन्य समयमा समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सकिनेछ । • अन्तरक्रिया पश्चात् सञ्चारमाध्यममा आएका समाचार तथा कभरेजको अभिलेख राख्ने, • कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूलाई यातायात खर्च र सहभागी भत्ता प्रदान गर्न सकिनेछ ।

१५. सर्पदंश उपचार केन्द्र सुदृढीकरण

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४०७	२२५२२	तनहुँ, स्याङ्जा - २००, नवलपरासी (ब.सु.पू) - २५०

विषयवस्तु	विवरण
परिचय	सर्पले टोकेका व्यक्तिहरुलाई उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध गराउन जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट सर्पदंशको उपचार नियमित रुपमा सञ्चालन गर्न तथा मध्यविन्दु प्रादेशिक अस्पतालका साथै प्रदेश अस्पताल तनहुँ र स्याङ्जालाई सर्पदंश उपचारको रेफरल सेन्टरको रुपमा विकास गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	स्वास्थ्य संस्थाबाट सर्पदंशको प्रभावकारी उपचार सेवा उपलब्ध गराउनु।
अपेक्षित प्रतिफल	सर्पले टोकेका व्यक्तिहरुको उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• सर्पदंश उपचारमा संलग्न चिकित्सक, नर्स, पारामेडिक्सलाई नदोहोरिने गरी ३ दिनको आधारभूत तालिम वा १ दिनको पुनर्ताजगी तालिम दिने, • प्रशिक्षकको रुपमा सरकारी केन्द्रीय अस्पताल, प्रादेशिक अस्पताल तथा स्वास्थ्य सेवा विभागका साथै निजी अस्पताल, Nepal Toxinology Association तथा निजी संस्थामा समेत जनशक्ति उपलब्ध भएमा विशेषज्ञ आमन्त्रण गर्ने, • सर्पदंशको सेवा निरन्तर गर्नका लागि आवश्यक पर्ने औषधी (IV saline, IV Canula, Inj. Hydrocortisone, IV set, Canula Fixer, Inj. adrenaline, Crepe Bandage, Oxygen cylinder, Resuscitation Set, Forceps), सामग्री तथा औजार-उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थामा वितरण गर्ने, • सर्पदंशको उपचार सेवाको उपलब्धताको बारे प्रचार-प्रसार, सचेतना कार्यक्रम तथा समीक्षा गर्ने, • सर्पदंश कार्यक्रमलाई निरन्तरता दिनको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने,

विषयवस्तु	विवरण
	• तालिम सञ्चालन गर्दा सकेसम्म सर्प उद्धारकर्ता भएको प्रदेश भित्रका जिल्लामा तालिम राखी सर्पका नमूना देखाउने र तालिमको समयमा सर्प उद्धारकर्तासँग समन्वय गरी सहभागीलाई सुरक्षित तरिकाबाट विभिन्न प्रकारका सर्प देखाई विषालु र विष नभएको सर्प चिनाउने, • सरकारी निकाय बाहेक अन्यत्रबाट प्रशिक्षक माग गर्दा गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७९ बमोजिम परामर्श शीर्षक अन्तर्गत नियमानुसार कर कट्टा गरी भत्ता उपलब्ध गराउन सकिनेछ। • सर्पदंश उपचार केन्द्र स्थापना गर्दा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको निर्देशिका अनुसार कार्य सम्पादन गर्नुपर्नेछ।

१६. पेशाजन्य स्वास्थ्य समस्या तथा रोकथाम बारे उद्योग/कारखानामा अन्तर्क्रिया

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४०९	२२५२२	नवलपरासी (ब.सु.पू) - २००

विषयवस्तु	विवरण
परिचय	नेपालमा सञ्चालित विभिन्न उद्योग तथा कारखानाहरूमा काम गर्ने कामदारहरू प्रायः जोखिमयुक्त वातावरणमा कार्यरत छन् । यस्ता कार्यस्थलहरूमा उचित सुरक्षा उपायहरूको अभाव, चेतना अभाव, र न्यूनतम प्रशिक्षणको कारण कामदारहरू कार्यस्थलमा हुने दुर्घटना, स्वास्थ्य समस्याहरू र दीर्घकालीन शारीरिक, मानसिक असरको जोखिममा पर्दै आएका छन् । यस अवस्थालाई ध्यानमा राख्दै व्यवसायिक स्वास्थ्य र सुरक्षा प्रवर्द्धन एवम् व्यवसायजन्य रोग सम्बन्धी जानकारी प्रदान गर्नका लागि यो कार्यक्रमको राखिएको हो ।
उद्देश्य	जोखिमयुक्त उद्योग/कारखानाका कामदारलाई व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी अभिमुखीकरण गर्नु ।
अपेक्षित प्रतिफल	कार्यस्थलमा कामदारहरुले उचित सुरक्षा उपायहरू अपनाउन अभिप्रेरित भएको हुनुका साथै कार्यस्थलमा हुने दुर्घटनामा कमि आएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• उद्योग वाणिज्य संघ तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी जिल्लामा अवस्थित उद्योग तथा कलकारखानाहरुको सूची तयार गरी उपयुक्त सहभागीहरुको पहिचान गर्ने, • पेशागत स्वास्थ्य, विद्यमान श्रम ऐनमा भएका व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारले तोकेको व्यवसायजन्य रोग, एर्गोनोमिक्स एवम् अन्य सम्बन्धित विषयवस्तु समेटी स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी प्रस्तुतीकरण तयार गर्ने, • व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी सरोकारवालालाई सहभागी गराई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, • उद्योग वाणिज्य संघ, जिल्ला प्रशासन कार्यालय, श्रम तथा रोजगार कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वयमा व्यवसायिक स्वास्थ्य एवम् सुरक्षा सम्बन्धमा उद्योग/कारखानाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न सकिनेछ ।

१७. उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४७	२२५२२	मनाङ-१०००, मुस्ताङ - १२००

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेशका उच्च भेगमा बसोबास गर्ने व्यक्ति, घुम्न आउने आन्तरिक र बाह्य पर्यटकलाई High Altitude Sickness हुने सम्भावना हुन्छ । यसको स्क्रिनीङ तथा व्यवस्थापन गर्नका लागि स्वास्थ्यकर्मी सक्षम हुन जरुरी छ । यस्ता समस्याहरुको प्राथमिक रुपमा उपचार गर्न, स्क्रिनीङ गर्न तथा आवश्यक जनशक्ति, औषधी तथा उपकरण समेतको प्रबन्ध गरी सो सेवा अझ प्रभावकारी रुपमा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	• High Altitude Sickness Screening/Treatment Center (High Altitude Sickness Help Desk) को स्थापना गरी लेक लाग्ने समस्याको समयमै पहिचान र उपचार गर्नका लागि स्वास्थ्यकर्मी तथा आवश्यक उपकरण तथा औषधीको व्यवस्थापन गर्नु ।
अपेक्षित प्रतिफल	• उच्च भेगीय रोगको रुग्णता र मानवीय क्षति कम भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• High Altitude Sickness Screening/Treatment Center (High Altitude Sickness Help Desk) सम्बन्धित स्थानीय तहसँग समन्वय गरी Strategic location मा स्थापना गर्ने (जस्तै: मुस्ताङको घासा/मनाङको धारापानी वा अन्य उपयुक्त स्थल), • उक्त केन्द्र सञ्चालनका लागि "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम मुस्ताङमा २ जना र मनाङमा १ जना हेल्थ असिस्टेन्ट नियुक्त गरी जिम्मेवारी तोक्ने; विगतमा कार्यरत जनशक्तिलाई कार्य सम्पादन मूल्यांकनका आधारमा सेवा करारमा निरन्तरता दिन सकिने, • छनौट भएका स्वास्थ्यकर्मीलाई पाचौँ तहका लागि प्रचलित नियमानुसारको तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने, • High Altitude Sickness सम्बन्धी सचेतनाका लागि सूचना सामग्रीको व्यवस्थापन तथा उपचारका लागि आवश्यक औषधी तथा उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने, • यस कार्यक्रमबाट तालिम नपाएका र नयाँ नियुक्त भई आएका स्वास्थ्यकर्मीहरुलाई High Altitude Sickness सम्बन्धी अभिमुखीकरण/तालिम समेत प्रदान गर्न सकिनेछ ।

१८. महामारी एवं विपदको पुर्व तयारी, रोग नियन्त्रण तथा उपचारका लागि औषधी, कीट, तथा अन्य औषधीजन्य सामग्रीको व्यवस्थापन

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
७.२.११.४	२७२१३	तनहुँ, नवलपरासी (ब.सु.पू) - ४००, गोरखा,पर्वत, बागलुङ, म्याग्दी, लम्जुङ, मुस्ताङ - २००, मनाङ,- १००, स्याङ्जा - ३००

विषयवस्तु	विवरण
परिचय	महामारी/विपद् कुनै पनि समय र स्थानमा हुन सक्ने र ठूलो भौतिक तथा मानवीय क्षति निम्तिन सक्ने भएकोले उक्त जोखिमलाई न्यूनीकरण गर्नका लागि महामारी तथा विपद्को पूर्व तयारी आवश्यक हुन्छ । महामारीको रोकथाम तथा नियन्त्रणको लागि औषधी र औषधीजन्य सामग्रीको व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधी तथा औषधी जन्य सामग्रीको व्यवस्थापन गर्नु।
अपेक्षित प्रतिफल	महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधी तथा औषधी जन्य सामग्रीको उपलब्धता हुनेछ।
कार्य सञ्चालन प्रकृया	महामारी/विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक First Aid Kit, औषधी, रिएजेन्ट, परिक्षण किट तथा अन्य सामाग्रीको सूची तयार गरी जिल्लाको आवश्यकता अनुसार प्रचलित नियमानुसार खरिद गर्ने।